**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १५ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत दाबी तथा आपत्तिहरूमाथि हुने सुनवाईलाई लिएर निर्वाचन आयोगले कड़ा नीति अप्नाएको छ।

२. निर्वाचन आयोगले अर्को वर्षको पश्चिम बंगाल विधानसभा चुनाउको तयारीका लागि ईभीएमको पहिलो-स्तरीय निरीक्षणका लागि पाँच नोडल अधिकारीहरु नियुक्त गरेको छ।

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी र भाजपा नेता अनि केन्द्रिय मन्त्री सुकान्त मजुमदारले सरदार वल्लभ भाई पटेललाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

४. फुटबल स्टार लियोनेल मेसीको कार्यक्रम अवधि भएको व्यापक अव्यवस्थाको मामिलामा पुलिसले शतद्रु दत्तपछि थप दुईजना मानिसहरूलाई पक्राउ गरेको छ।

५. खरसाङमा भूतपूर्व सैनिक संगठनको आयोजनामा अग्निवीरमा भर्ती भएकाहरुलाई सम्मान जनाउन सम्मान कार्यक्रम गरिएको छ।

**एसआईआरको सुनवाईलाई लिएर निर्वाचन आयोग कड़ा**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत दाबी तथा आपत्तिहरूमाथि हुने सुनवाईलाई लिएर निर्वाचन आयोगले कड़ा नीति अप्नाएको छ। आयोगले स्पष्ट रूपमा भनेको छ, सुनवाई प्रक्रिया अवधि कुनै पनि प्रकारको अनियमितता वा सुरक्षा चूकलाई गम्भीर रूपमा लिइयोस् र आवश्यकता परेको ठाउँमा तत्कालै सुधारात्मक औ अनुशासनात्मक कारबाही गरियोस्। 16 दिसम्बरमा ड्राफ्ट मतदाता सूची प्रकाशन भएपछि दाबी अनि आपत्तिहरूमाथि सुनवाईको चरण शुरू हुनेछ। यसपूर्व निर्वाचन आयोगले राज्यका मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई निर्देश दिएको छ कि सुनवाई अवधि व्यवस्था पूर्ण रूपले पारदर्शी र सुरक्षित रहोस्। राज्यको मुख्य चुनाउ अधिकारी कार्यालयका एकजना वरिष्ठ अधिकारीले आज बताउनु भयो, आयोगले यो पनि स्पष्ट पारेको छ कि शुरूबाटै केन्द्रिय सशस्त्र पुलिस बललाई तैनाथ गर्ने पक्षमा उ छैन र सुनवाईको सुरक्षा व्यवस्था राज्य पुलिसको भरोसामा छोड्नको लागि सुनिश्चित गरियोस्।

**बाइट**

**बंगाल विधानसभा चुनाउ- पाँच नोडल अधिकारीहरु नियुक्त**

निर्वाचन आयोगले अर्को वर्षको पश्चिम बंगाल विधानसभा चुनाउको तयारीका लागि इलेक्ट्रोनिक मतदान मशीन (ईभीएम) को पहिलो-स्तरीय निरीक्षणका लागि पाँच नोडल अधिकारीहरु नियुक्त गरेको छ। आयोगले स्पष्ट पारेको छ कि निष्पक्ष र पारदर्शी चुनाव प्रक्रिया सुनिश्चित गर्न सबै अधिकारीहरूलाई अन्य राज्यहरूबाट ल्याइएको हो। आयोगको एक बयान अनुसार, यी सबै अधिकारीहरूले ईभीएमको पहिलो-स्तरीय निरीक्षणको क्रममा विभिन्न केन्द्रहरूमा पर्यवेक्षकको रूपमा काम गर्नेछन्। यी अधिकारीहरू हुन्: अरुणाचल प्रदेशका उप-मुख्य निर्वाचन अधिकारी शानिया कायेम मिजे, महाराष्ट्रका उप-मुख्य निर्वाचन अधिकारी योगेश गोसावी, मेघालयका अतिरिक्त मुख्य निर्वाचन अधिकारी पीके बोरो, मिजोरमका संयुक्त मुख्य निर्वाचन अधिकारी एथेल रोथाङपुई र निर्वाचन आयोगका अवर सचिव कनिष्क कुमार।

आयोगले बताए अनुसार अब मतदानको समय मशीनमा हरेक उम्मेदवारको फोटो पनि देखिनेछ। उल्लेख्य, 2021 विधानसभा चुनाउको लागि पश्चिम बंगालमा 80 हजारभन्दा बढ़ी मतदान केन्द्रहरू थिए। निर्वाचन आयोगका एक अधिकारीले नयाँ मतदाताहरूको पंजीकरण र पुनरीक्षणपछि मतदान केन्द्रहरूको संख्या 10 हजारभन्दा बढ़ीले बढ्ने सम्भावना रहेको बताउनु भएको छ।

**मुख्यमन्त्री ममता - सरदार वल्लभभाई पटेल**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज सोशल मीडियामा पोस्ट गर्नु हुँदै 'भारतका लौह पुरुष' सरदार वल्लभभाई पटेललाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो पोस्टमा लेख्नु भएको छ, "आधुनिक भारतका निर्माताहरूमध्ये एक, 'भारतका लौह पुरुष' सरदार वल्लभभाई पटेललाई उहाँको पुण्यतिथिमा मेरो श्रद्धाञ्जली। हामी राष्ट्रप्रति उहाँको अनुकरणीय सेवालाई नमन गर्दछौं।"
सरदार वल्लभभाई पटेल आधुनिक भारतका निर्माताहरूमध्ये एक थिए। स्वतन्त्र भारतको पहिलो गृहमन्त्रीको रूपमा उनले 562 देशी राजा-रजौड़ाहरूलाई भारतीय संघमा विलय गर्ने ऐतिहासिक कार्य गर्नु भयो। उहाँको दृढ़ संकल्प अनि कुशल कुटनीतिले भारतलाई एक अखण्ड राष्ट्र बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरे।

**सुकान्त मजुमदार - सरदार वल्लभ भाई पटेल**

भारतीय जनता पार्टीका पूर्व प्रदेश अध्यक्ष अनि केन्द्रिय मन्त्री सुकान्त मजुमदारले आज सोशल मीडियामा पोस्ट गर्नु हुँदै भारतका 'लौह पुरुष' सरदार वल्लभ भाई पटेललाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। आफ्नो पोस्टमा सुकान्त मजुमदारले लेख्नु भएको छ, "राष्ट्रिय एकता औ अखण्डताका मूर्त प्रतीक, राष्ट्रवादी नेता, शक्तिशाली भारतका महान निर्माता 'लौह पुरुष' सरदार वल्लभभाई पटेलजीको पुण्यतिथिमा गहिरो श्रद्धाञ्जली औ विनम्र प्रणाम।"

**मुख्यमन्त्री ममता - उस्ताद जाकिर हुसैन**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले महान तबला वादक उस्ताद जाकिर हुसैनलाई उहाँको पहिलो पुण्यतिथिमा स्मरण गर्नु भयो। मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो पोस्टमा लेख्नु भएको छ, "महान तबला उस्ताद जाकिर हुसैनको पहिलो पुण्यतिथिमा उनलाई याद गरिरहेकी छु।"
उल्लेखनीय छ, उस्ताद जाकिर हुसैनको निधन 15 दिसम्बर 2024-मा भएको थियो। उहाँ भारतीय शास्त्रीय संगीतका एक महान स्तम्भ हुनुहुन्थ्यो। तबला वादनमा उहाँको योगदान अतुलनीय थियो। उहाँले भारतमा मात्र नभएर विश्वभरि नै भारतीय संगीतलाई नयाँ उचाईँसम्म पुऱ्याउनु भयो। उहाँको निधनबाट संगीत जंगतलाई अपूरणीय क्षति भएको थियो। उहाँको पहिलो पुण्यतिथिमा देशभरिकै कलाकार, संगीत प्रेमी तथा राजनेताहरूले उनलाई श्रद्धाञ्जली दिएका छन्।

**लियोनेल मेसी प्रकरण कोलकोता**

लियोनेल मेसीको कोलकाता समेत भारत दौड़ाहका मुख्य आयोजक शतद्रु दत्तलाई गत शनिवार कोलकाता एयरपोर्टबाट पक्राउ गरिको थियो। अब बिधाननगर पुलिसले उनको संस्थाका छःजना सदस्यहरूलाई नोटिस जारी गरेको छ। सबैलाई भोलि मंगलवार नै जाँचबुझको लागि उपस्थित हुन भनिएको छ। सल्टलेकको युवाभारती क्रीड़ांगनमा आयोजित मेसीको कार्यक्रममा व्यापक अव्यवस्था भएको कारणले यो कारबाही गरिएको हो। त्यस दिन स्थिति यतिसाह्रो अनियन्त्रित भएको थियो कि हिंसा भएकोले मेसीलाई 16 मिनटमै मैदान छोड्नु परेको थियो।
आरोप छ, ग्यालरीबाट दर्शकहरूले मेसीको एक झलक समेत पाउन सकेनन्। उनी मैदानमा पुग्नसाथ लगभग एक सयजना मानिसहरूले उनलाई घेरेर उभिए। यसमा नेता, मन्त्री,आयोजनसित सम्बन्धित अधिकारी तथा तस्वीर लिने मानिसहरू सामेल थिए। मेसी आफ्नो साथी खेलाड़ी लुइस सुआरेज र रोड्रिगो डी पलसित आएका थिए। मेसी मैदानबाट गएपछि युवाभारतीमा उपस्थित दर्शकहरू भड्किए। आक्रोशित भीड़ले स्टेडियममा तोड़फोड़ गर्न शुरू गऱ्यो। सोही दिन शतद्रु मेसीसित हैदराबाद जानेवाले थिए, तर एयरपोर्टबाटै विधाननगर पुलिसले उनलाई हिरासतमा लियो। हिजो विधाननगर महकुमा अदालतले शतद्रुको जमानत याचिकालाई खारेज गर्दै 14 दिनको पुलिस हिरासतमा पठाइदियो। त्यसपछि पुलिसले उनको कम्पनीसित सम्बन्धित अन्य

अधिकारीहरूलाई पनि बोलाउन शुरू गरेको छ।
यस सम्पूर्ण मामिलाको जाँच गर्नको लागि मुख्यमन्त्री ममता ब्यनर्जीले सेवानिवृत्त न्यायाधीश असीम कुमार रायको अध्यक्षतामा एउटा जाँच समिति गठन गरेको छ। समितिमा मुख्य सचिव मनोज पन्त र गृह सचिव नन्दिनी चक्रवर्ती पनि सामेल छन्।

**जनसांख्यिकीय परिवर्तनबारे गृहमन्त्रीसित भेट**

भारतीय जनता पार्टी (भाजपा) राज्यसभा सांसद तथा पश्चिम बंगाल भाजपा अध्यक्ष शमिक भट्टाचार्यले नयाँ दिल्लीमा केन्द्रिय गृहमन्त्री अमित शाहलाई भेटनु भएको छ। उहाँसँगै झारखण्ड राज्यसभा सांसद दीपक प्रकाश पनि हुनुहुन्थ्यो। शमिक भट्टाचार्यले आज सामाजिक सञ्जालको एक पोस्टमा लेख्नु भएको छ, झारखण्डका मेरा राज्यसभा सहयोगी दीपक प्रकाश र मैले केन्द्रिय गृहमन्त्री अमित शाहसँग पश्चिम बंगाल र झारखण्डमा भइरहेको जनसांख्यिकीय परिवर्तनबारे छलफल गर्‍यौं। दुई भाजपा सांसदले पश्चिम बंगाल र झारखण्डमा कथित जनसांख्यिकीय परिवर्तनको मुद्दा गृहमन्त्रीसँग उठाउनु भएको छ। यो बैठक यी दुई राज्यहरूमा जनसांख्यिकीय चिन्ताहरूतिर केन्द्र सरकारको ध्यान आकर्षित गर्ने उद्देश्यले गरिएको थियो। यो बैठक पश्चिम बंगाल र झारखण्डमा जनसांख्यिकीय परिवर्तनबारे चलिरहेको राजनीतिक बहसको समयमा भएको हो। भाजपा नेताहरूले यो मुद्दालाई गम्भीरतापूर्वक लिएका छन् र केन्द्रीय गृह मन्त्रालयको ध्यानाकर्षण गराएका छन्। गृहमन्त्री अमित शाहले दुवै सांसदहरूको कुरा सुन्नु भयो र यस विषयमा थप कारबाहीको सम्भावनाबारे छलफल गरियो।

**अग्निवीरमा भर्ती भएकाहरुलाई सम्मान कार्यक्रम**

खरसाङमा भूतपूर्व सैनिक संगठनको आयोजनामा अग्निवीरमा भर्ती भएकाहरुलाई सम्मान जनाउन आज एक सम्मान कार्यक्रम आयोजना गरियो। खरसाङको एक निजी होटलमा आयोजित उक्त सम्मान कार्यक्रममा विशिष्ट अतिथिको रुपमा खरसाङ महकुमा शासक आईएएस प्रिया यादव, खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङ, सभासद श्याम शेर्पा, जलपहाडबाट कर्नेल अमीत आंसरी, पवन राई, विशाल तामाङ लगायत अन्यहरु उपस्थित रहेका थिए।

**बाइट**

**जोना शेर्पा**

इच्छा शक्ति र मनोबल ठूलो भएमा शारीरिक असक्षमताले पनि छेक्न सक्दैन भन्ने उदाहरण प्रस्तुत गर्दै केही गर्छु भन्ने युवाहरुका लागि प्रेरणा स्रोत बनेका छन् तीनधारेको कोल्टे गोलाई निवासी जोना शेर्पा। पिता फुर्बा शेर्पा र माता अनु शेर्पाको सुपुत्र जोना शेर्पा आफु शारीरिक रुपमा कमजोर रहे तापनि इच्छा शक्ति र ठूलो मनोबल र तीनधारेका समाजसेवी सतीस राईको सहयोगमा उनको नयाँ दोकान उद्घाटन गरिएको छ।
गाउँमा नानीहरु र जनसाधारणको सुविधाका लागि भनेर जोना शेर्पाको स्टेशनरी, प्रिन्टर र जेरक्स दोकानको आज उद्घाटन गरिएको छ। उनको उक्त दोकानको उद्घाटन केरिङ ह्याण्ड एनजीओका संस्थापक शिशिर बान्तावा राई, समाजसेवी सतीस राई र जोना शेर्पाले रिबन काटेर गरेका छन्।
यस अवसरमा जोना शेर्पालाई विभिन्न तहबाट सहयोग गर्नेहरुलाई सम्मान पनि जनाइयो। यस क्रममा केरिङ ह्याण्ड एनजीओका संस्थापक शिशिर बान्तावा राई, पत्रकार हनोक थापालाई खदार्पणसहित सम्मान पत्रद्वारा सम्मान जनाइयो। त्यसरी नै बिक्की पाख्रीन, इजाक सार्कीलाई पनि सम्मान जनाइएको छ। यसावधि चुनभट्टी निवासी रबीन तामाङले जोना शेर्पालाई केही आर्थिक सहयोग पनि गर्नु भएको छ।
जोना शेर्पाको मनोबल बढाउन र सहयोग गर्न केरिङ ह्याण्ड एनजीओका संस्थापक शिशिर बान्तावा राईले उनलाई एउटा कम्प्युटर प्रदान गर्ने पनि वचन दिनु भएको छ। समाजसेवी सतीस राईले जोना शेर्पालाई सबैले सहयोग गरेपछि उनको आफ्नै दोकान खोल्न सकिएको बताउँदै सहयोग गर्ने सबैप्रति आभार प्रकट गर्नु भएको छ।

**भारतीय जनता पार्टीको सभा**

भारतीय जनता पार्टीको तीनधारे महानदी मण्डल अन्तर्गत बुथ नम्बर 253 जोगमाया चियाबारीमा भारतीय जनता पार्टीको साँगठानिक सभा सम्पन्न भयो। उक्त सभामा लगभग 25 घर परिवारहरू औपचारिक रूपमा भारतीय जनता पार्टीमा सामेल भएका छन्। कार्यक्रममा भाजपा जिल्ला अध्यक्ष सञ्जीव लामाको विशेष उपस्थिति रहेको थियो।

**मौसम**

मौसम विभाग अनुसार उत्तर-पश्चिम दिशाबाट आएको मौसमको असरले गर्दा जाड़ो अनि सुक्खा हावाको बहाव हाल कमजोर भएको छ। फलस्वरूप उत्तर भारतबाट आउने चिसो दक्षिण र पूर्वी भागसम्म पुग्न सकिरहेको छैन। अर्कोतिर दक्षिण-पूर्व दिशाबाट नमीपूर्ण हावा आइरहेको छ जसले गर्दा दिउँसो गर्मी भइरहेको छ भने रातीको तापमान पनि घटिरहेको छ। दिसम्बर महिनाको पहिलो 14 दिनको कुरा गर्नु हो भने कोलकातामा न्यूनतम तापमान दुई दिन मात्र 14 डिग्री लगभग पुग्नसक्यो। 8 दिनसम्म रातको तापमान 15 डिग्री लगभग रह्यो। तीन दिनसम्म न्यूनतम तापमान 17- 18 डिग्रीबीच दर्ता गरियो। यस महिनाको एक दिन पनि यस्तो रहेन जतिबेला दिनको तापमान 20 डिग्रीसम्म पुगेको होस्।

****** ० ******